गाउँ सभाको बैठकमा २०७५ साल आषाढ १० गते

आइत बार

अध्यक्ष श्री देवल सिंह रावलले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७५/२०७६ को बजेट

# वक्तव्य

# सिंजा गाउँपालिका जुम्ला

# २०७५

यस गाउँपालिकाको निमन्त्रणालाई स्वीकार गरी सभाको बैठकमा उपस्थित हुन हुने सभाका सम्पुर्ण सदस्य ज्यू  हरुलाई सिंजा गाउँपालिका , जुम्ला र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

राष्ट्रहित , लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि मुलुकमा राजनैतिक, सामाजिक , आर्थिक एवम् साँस्कृतिक विकास सहितको समृद्ध र समुन्नत विकास गर्न एव आफ्नो शासन आफै वा आफ्नो प्रतिनिधि मार्फत गराई गणतन्त्रलाई संस्थागत गर्नका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरु प्रति म भावपूर्ण श्रद्धान्जली व्यक्त गर्न चाहन्छु ।

आगामी आ.व. २०७५/२०७६ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको महशुस गरेको छु ।

संघिय लोकतान्त्रिक गणतन्त्रात्मक,  शासन व्यवस्थाको मध्यमद्धारा दिगो शान्ति, सुशासन , विकास र समृद्धिको आकाक्षा पुरा गर्ने उद्देश्य सहित नेपालको संविधान , २०७२ जारी भई स्थानीय तहको गठन भएको र निर्वाचन समेत भएर जन निर्वाचित प्रतिनिधिको पद वहाली भएको एक वर्ष व्यत्तित भई सकेको व्यहोरा अवगत गराउन चाहान्छु। **"समृद्ध नेपाल सुखी नेपाली "** को अवधारणालाई पुरा गर्न जिल्लाका योजनाहरु पहिचान एवम् छनौट गर्दा नेपालको संविधान , राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विषयगत मन्त्रालयहरुबाट प्राप्त मार्ग निर्देशन , जिल्लाको आवधिक योजना , जिल्ला यातायत गुरुयोजना। विभिन्न नीति निर्देशिकाहरु , क्षेत्रगत नीतिहरु , रणनीति एवम् कार्य योजनाको अधिनमा रही नेपालको संविधानमा व्यवस्था भएको साझा तथा स्थानीय नहको एकल अधिकारको सुची अनुरुप स्थानीय तहको योजना तथा बजेट तजुमा दिग्दर्शन , २०७४ र स्थानिय सरकार संचालन ऐनमा उल्लेखित प्रक्रिया अवलम्बन गरी यस गाउँपालिका भित्र उपलब्ध श्रोत, साधन र क्षमता अनुसार बस्ती स्तरबाट छनौट तथा प्राथमिकिकरणमा परेका योजना तथा कार्यक्रमहरु यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वीत संझेको छु

जुम्ला जिल्लाको यस गाउँपालिकामा विभिन्न जातिय विविधता , खस भाषाको उद्गम स्थल लगायत विभिन्न भाषिक , साँस्कृतिक एवम प्राकृतिक र पर्यटकीय संभाव्यता सहित विकासको प्रचुर सम्भावना बोकेको स्थल हो । समग्र जिल्लाको विकास प्रयासलाई सार्थक र परिणाममुखी तुल्याउन वित्तीय हस्तान्तरणमा परेका विभिन्न कार्यक्रमहरुलाई प्रभावकारी रुपमा परिचालन गर्नु नितान्त आवश्यक देखिन्छ । यसै गरी विभिन्न गैर सरकारी संघ संस्था, नागरिक समाज , स्थानीय समुदायकहरुले समेत विकासमा सक्रियतापूर्वक सहकार्य गर्दै आइरहेका छन । यस क्षेत्रमा भएका राजनैतिक दल एवम् जिल्लाबाट व्यवस्थापिका संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने सभासद एवं मन्त्रीज्यूहरु लगायत समस्त बासिन्दाको विकास कार्यमा  हुने ऐक्यबद्धताले हामीलाई कार्य सञ्चालनमा महत्वपूर्ण हौसला मिलेको व्यहोरा अवगत गराउन चाहन्छु ।

नेपालको संविधान २०७२ , जारी भए पश्चात नेपाल संघीय गणतन्त्रतात्मक राज्यको रुपमा प्रदेशको नामाकरण भई **"कर्णाली "** प्रदेश कायम भएको र प्रादेशीक राज्यको राजधानी सुर्नेत कायम भईसकेको अवस्थामा सो अनुरुप जुम्ला जिल्लाका विभिन्न आठ स्थानीय तहहरुमध्य यस सिंजा गाउँपालिकाले पनि आफ्नो विकास प्रक्रियालाई तिव्रता दिई आवश्यक भौतिक पुर्वाधारको विकास र विकासका सबै

आयामहरुलाई समेटी जनताको जीवनस्तर सुधार गर्ने र गरीवी निवारण गर्न कआवश्यक पहल गर्नु पर्ने अवस्था टडकारो रुपमा देखिएको छ । गाउँपालिकामा प्राप्त हुने सबै प्रकारका अनुदान , आन्तरीक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम लगायत स्थानीय तहको कोषमा प्राप्त हुने सबै प्रकारका श्रोत तथा  साधनलाई एकीकृत गरी गरिब , महिला , बालबालिका तथा समाजिक ,आर्थिक दृष्टिकोणबाट पिछडिएको वर्ग र समुदाय एवम क्षेत्रको समेत पहुँच , स्वामित्व र अपनत्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह र जनसहभागिता परिचालनबाट विकास निर्माण कार्य अगाडी बढाउन हामी प्रतिबद्ध छौ ।  विकास प्रक्रिया जनमुखी , पारदर्शी समतामुलक सहभागितामुलक, दिगो भरपर्दो र गुणस्तरीय बनाउन पर्याप्त सम्भावना र अवसर हँदा हुदै पनि आन्तरिक श्रोतको न्युन परिचालन हुनु, खेत योग्य जमीनमा कृषिको आधुनिकीरकण एवं व्यवसायीकरण हुन नसक्नु गरै सरकारी संघ संस्थाका कार्यक्रमलाई आवधिक योजनासंग तालमेल मिलाउदै कार्यानवयन गर्न नसक्नु , योजना गनुगमन तथा मूल्याङ्कन प्रणाली नतिजामुखी र वस्तुपरक हुन नसक्नु , समुदाय र वडाबाट माग गरिने योजना अत्याधिक हुनु, उपभोक्ता समितिलाई यथार्थपरक ढंगले परिचालन गर्न नसक्नु, जलविद्युत एवं ऊर्जाको क्षमता कमजोर हुनुका साथै राष्ट्रिय विद्युत प्रसारण लाईन **(National Grid)** जिल्ला सम्म नजोडिनु, गुणस्तरीय शिक्षा तथा संचारको कमी, स्थानीइ उत्पादनलाई अधिकतम उपयोग गर्न नसक्न्नु , तुलनात्मक लाभका वस्तुहरु पहिचान गरी उत्पादनलाई तिव्रता दिन नसक्नु , स्थानीय उपभोक्ता समितिको विकास प्रक्रियामा व्यवसायिकताको विकास हुन नसक्नु र कर्मचारीहरुमा समेत व्यवसायिकताको विकास हुन नसक्नु जस्ता समस्या एवम् चुनौतिहरुले कतिपय विकासका प्रक्रियाहरु प्रभावकारी रुपमा सम्पादन हुन नसकेको यथार्थ हाम्रा सामु स्पष्ट रुपमा रहेको छ ।

माननीय गाउँसभाका सदस्य महोदय,

- आज म विकासमा वामे सर्दै गरेको सिजा गाउँपालिकाको ऐतिहासिक दोस्रो गाउँसभाको गरिमामय सभामा सिजा गाउँपालिकाको अध्यक्षको हैसियतले आर्थिक वर्ष २०७५।०७६ को अनुमानित आय व्ययको विवरण (वजेट) प्रस्तुत गर्न उपस्थित भएको छु ।
- यस सिजा गाउँपालिकाको सम्मानित गरिमामय दोस्रो गाउँ सभामा पाल्नु भएका विषेश अतिथि ज्यूहरु, मन्चमा आसिन व्यक्तित्व ज्यूहरु,पत्रकार मित्रहरु,समाजसेवी,वृद्धिजिवी लगायत सम्पूर्ण सिजा गाउँपालिकावासी आमावुआ,दाजुभाई तथा दिदी वहिनीहरुमा सर्वप्रथम म न्यानो अभिवादन व्यक्त गर्दछु ।
- माननिय सदस्य ज्यूहरु,आज हामी यस गरिमामय गाउँसभामा यस सिजा गाउँपालिकाको भाग्य र भविश्यको मार्गचित्र कोर्नका निम्ती उपस्थित भएका छौं ।
- तमाम समस्या तथा चुनौतिहरु भएता पनि सिजा गाउँपालिको विकास गरिविको निकास भन्ने सकारात्मक सोचका साथ सुन्दर,समृद्ध र समुन्त गाउँपालिका निमार्ण गर्न सकिने प्रस्सत सम्भावनाहरु रहेका छन । सिमित स्रोत्तसाधन र असिमित चाहनाका वावजुद समानुपातिक र सन्तुलित विकास गर्ने गरी आगामी आ.व.को नीति,वजेट तथा कार्यकम तय गरेका छौं ।
- अव म यस सम्मानित गाउँ सभा समक्ष आर्थिक वर्ष २०७५।०७६ को मुलभुत नीति तथा कार्यकम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## सिजा गाउँपालिका नराकोट , जुम्लाको आर्थिक वर्ष २०७५।०७६ को मुलभुत नीति तथा कार्यकम

१.सिजा गाउँपालिकाको विकास गरिवीको निकास भन्ने सकारात्मक सन्देशका साथ समृद्धिको दिर्घकालिन लक्ष्य तय गरी अघि वढने नीति लिईनेछ ।

२.स-साना टुका योजना निमार्ण गरी नतिजा देखाउन नसकिने योजना निमार्ण गर्ने परिपाटीको अन्त्य गर्नुका साथै दिर्घकालिन जनजिविका सँग सम्वन्धित प्रत्यक्ष रोजगारीको सृजना गरी दिगो विकासको सुनिश्चितता गरी गरिवी न्यूनिकरणमा सहयोग गर्ने नीति लिईनेछ ।

३.पारदर्शिता , जवाफदेहिता,इमान्दारिता,उत्तरदायित्व र कतर्व्यनिष्ठताका साथ हाँसी हाँसी सेवा दिने प्रशासनिक सेवा प्रवाहको नीति लिईनेछ ।

४.सघियता कार्यान्वयनको सकमणकालिन अवस्थामा स्थानीय सरकारको प्रत्यक्ष अनुभुती मार्फत स्थानीय सरकार सन्चालन ऐन २०७४ कार्यान्वयन गरिनेछ र जनस्तरमा सघियताको सकारात्मक सन्देश अनुभुती गराउने नीति लिईनेछ ।

५.समाजमा पछि परेका र पारिएका वर्गको उत्थान विकास र प्रवद्धनको हस्तक्षेपकारी नीति लिईनेछ

साथै उनिहरुको लागि क्षमता विकास जनचेतना कार्याक्रम मार्फत रोजगारी सृजना गर्ने नीति लिईनेछ ।

६.सामाजिक परिक्षण,सार्वजानिक सुनुवाई कार्यका माध्यमवाट सम्वन्धित निकायलाई जिम्मेवार वनाउने नीति लिईनेछ ।

७.सिजा सभ्यताको सिकासका लागि सिजा खस सग्रहालयको निमार्ण गर्नुका साथै खस सभ्यताको अनुसन्धान र खोज तथा  विकास,सरक्षण तथा प्रवद्धन गर्ने नीति लिईनेछ ।

८.सिजा क्षेत्रमा हवाईयातायात सन्चालन गर्नका लागि एक विमानस्थल निमार्णको लागि सघिय सरकार सँग माग गर्ने नीति लिईनेछ ।

९.कर तथा गैर कर क्षेत्रलाई व्यवस्थित गरी आन्तरिक करको स्रोत्तहरु वृद्धि गर्ने नीति लिईनेछ ।

## क्षेत्रगत नीति तथा कार्यक्रम

### १.भौतिक विकास तर्फ

क.गाउँपालिकाको ५ वर्षे गुरुयोजना निमार्ण गरी प्राथमिकताका आधारमा सडक निमार्ण तथा मर्मत र निमार्णाधिन सडकको स्तरउन्नती गर्ने नीति गर्ने नीति लिईनेछ ।

ख.गाउँपालिकाका हरेक वस्तीहरुमा सड्कको पहुच वृद्धि गरी भारी मुक्त गाउपालिका वनाउने नीति लिईनेछ ।

ग.भवन निमार्ण आचारसहिता निमार्ण गर्ने र नक्सा पास नगराई भवन निमार्ण गर्न नदिने साथै न्युनतम पूर्वाधार सडक विजुली खानेपानी सञ्चार जस्ता पूर्वाधार क्षेत्रमा विकास गर्ने नीति लिईनेछ ।

### २.व्यवस्थित वस्ती विकास तर्फ

क.व्यवस्थित वस्ती विकासका लागि आवश्यक कानुनी व्यवस्था गरी दिर्घकालिन नीति मार्फत गुणस्तरीय जीवनका आधारभुत आवश्यकता पुरा हुने गरी वस्ती विकास योजना निमार्ण गर्ने नीति लिईनेछ ।

ख.सार्वजानिक शौचालय निमार्ण गर्ने नीति लिईनेछ ।

### ३.वातावरण सरक्षण तर्फ

क.वातावरण सरक्षण र विकास गरी पूर्वाधार निमार्ण गर्दा वातावरण मैत्री नीति अवलम्वन गरिनेछ।

ख.राष्ट्रिय वन सामुदायिक वन र कवुलियती वनका माध्यमवाट वातावरण विनाशलाई रोकी स्वच्छ सफा हरियालीयूक्त वातावरण वनाउने नीति लिईनेछ।

## ४.फोहोरमैला व्यवस्थापन

क.वजार क्षेत्रमा प्रत्येक घर तथा पसलवाट फोहोरमैला व्यवस्थापन शुल्क लिई फोहोरमैला व्यवस्थापन कोषमा रकम जम्मा गरी फोहोरमैला मुक्त गाउँपालिका वनाउने नीति लिईनेछ।

## ५.सामाजिक पूर्वाधार तर्फ

क.परम्परागत धर्म सस्कृती,पुरातात्कि सम्पदा खस भाषा सस्कृतीको सरक्षण विकास गर्नका लागि विषेश नीति तथा कार्यकम कार्यान्वयनमा ल्याइनेछ।

ख.स्थानीय मदिरा उत्पादन कार्यलाई निरुसाहित गर्ने नीति लिईनेछ।

## ६.सञ्चार तर्फ

क.सिजा गाउँपालिकामा सञ्चारको पहुँच अभिवृद्धि गरिनेछ।

## ७.ऊर्जा तर्फ

क.उर्जा क्षेत्रको समस्या समाधान गर्नका लागि वैकल्पीक नविकरणीय उर्जाको विकास गर्ने नीति लिईनेछ।

ख.सिजा गाउँपालिका भरी पुग्ने गरी दिर्घकलिन विधुत आयोजना सन्चालन गर्ने नीति लिईनेछ।

## ८.सहकारी व्यवस्था तर्फ

क.अर्थतन्त्रको तिन खम्वे नीति मध्येको एक सहकारी क्षेत्रलाई व्यवस्थित गर्ने उदेश्यले स्वरोजगारमुखी तालिम दिई सहकारीकरण को विकास गर्ने नीति लिइनेछ।

## ९.पर्यटन विकास तर्फ

क.पर्यटन क्षेत्रको विकास र सरक्षणका लागि विषेश नीति लिईनेछ। सिजा गाउँपालिका भित्र रहेका ऐतिहासिक धार्मिक पर्यटनस्थलहरु र तिर्थस्थललाई पर्यटकिय केन्द्रको रुपमा विकास गर्ने नीति लिईनेछ।

ख.सिजागाउँपालिका क्षेत्रमा पाल्नुहुने पर्यटकहरुको मन जित्नका लागि होम स्टे सन्चालनमा ल्याउने नीति लिईनेछ।

## १०.स्वास्थ्य क्षेत्र

क.स्वस्थ्य नागरिक, समृद्ध गाउँपालिका भन्ने उदेश्यका साथ स्वास्थ्य सेवालाई भरपर्दो र सर्वसुलभ वनाउने नीति लिईनेछ।

ख.जेष्ठ नागरिक र अपाङ सँग अध्यक्ष कार्यक्रम मार्फत ७० वर्ष उमेर पुरा गरेका जेष्ठ नागरिक र अपाङहरुलाई निशुल्क स्वास्थ्य परिक्षण गर्ने कार्यक्रम सन्चालन गरिनेछ।

ग.स्वास्थ्य चौकी नभएका वडाहरुका स्वास्थ्य चौकी स्थापना गर्नका लागि पहल गरिनेछ।

घ.कुपोषण मुक्त गाउँपालिका वनाउने नीति अवलम्वन गरिनेछ

## ११.शिक्षा क्षेत्र तर्फ

क.शिक्षाको विकास समुद्धीको आधार भन्ने कार्यक्रमका आधारमा नेपालको सविधानले सुनिस्चितता गरेको आधारभुत तहसम्म अनिवार्य शिक्षा तथा माध्यमिक तहसम्म निशुल्क शिक्षा उपलव्ध गर्ने कार्यक्रम सन्चालन गर्ने नीति लिईनेछ।

ख.विद्यालय शिक्षालाई प्रभावकारी र व्यवस्थित गरी गुणस्तरीय शिक्षा सुनिश्चित गर्नका लागि क्षमता अभिवृद्धि गर्ने नीति लिईनेछ

ग.साक्षर गाउँपालिका घोषणा गर्ने नीति अवलम्वन गरिनेछ।

घ.सिजा क्षेत्रमा प्राविधिक शिक्षालय स्थापना गर्नका लागि आवश्यक पहल गर्ने नीति लिईनेछ।

ङ.शिक्षा क्षेत्रमा दरवन्दी मिलान मार्फत शिक्षक व्यवस्थापन गर्ने नीति लिईनेछ।

च.शिक्षा क्षेत्रमा गुणस्तर र समानता ल्याउनका लागि सिजा गाउँपालिकाका जनप्रतिनिधि,शिक्षक कर्मचारीका वालवालिकाहरुलाई सामुदायिक विद्यालयमा मात्र पढाउने नीति अवलम्वन गरिनेछ ।

## १२.सामाजिक समावेशिकरण

क.महिला , दलित , अपाङ,जेष्ठ नागरिक वालवालिका मैत्री नीति कार्यक्रम तथा कानुन निमार्ण गर्ने नीति लिईनेछ

ख.जेष्ठ नागरिकहरुका लागि एक सुविधासम्पन्न वृद्धाश्रम र अनार्थालय सन्चालन गर्ने नीति लिईनेछ ।

## १३.कृषि तथा पशु विकास

क.रैथाने स्थानीय वालीहरु (चिनो,कागुनो,फापर,मार्से,लटे,सिमी) सरक्षण ,प्रवद्धन र विकास मार्फत अर्गानिक उत्पादन र उत्पादकत्व वृद्धि गरी विसादीमुक्त गाउँपालिका वनाउने नीति लिईनेछ ।

ख.जुम्लीको शान , जुम्लीको मान वाट प्रख्यात कालीमार्सी धानको उत्पादनमा वृद्धि गर्ने नीति लिईनेछ ।

ग.व्यवसायिक कृषि तथा पशुपालन कार्यक्रम लाई प्राथमिकता लिने नीति लिईनेछ र स्याउ लगायत फलफुल खेतीको विकास प्रवद्धन गर्नका लागि विषेश कार्यक्रम सन्चालन गर्ने नीति लिईनेछ ।

घ. रोजगारी सृजना गरी आर्यआजनका लागि रैथाने वालीहरुको केक,विस्कुट,चाउमिन,मम वनाउने र च्याउ खेतीको तालिम सन्चालन गर्ने नीति लिईनेछ ।

मननिय सदस्य ज्यूहरु,अव म सम्मानित गरिमामय दोस्रो गाउँसभा समक्ष आर्थिक वर्ष २०७५।०७६ मा प्रस्ताव गरिएको वजेट,कार्यक्रम तथा योजना प्रस्तुत गर्न चाहन्छु ।

आर्थिक वर्ष २०७५।०७६ मा चालु तर्फ रु ४ करोड ५९ लाख ,पुजिगत समानिकरण तर्फ रु ९ करोड ५ लाख ७१ हजार र सर्सत अनुदान तर्फ ८ करोड ९७ लाख विनियोजन गरेको छु ।

- वित्तिय समानीकरण पुजिगत तर्फ तपशिल वमोजीम क्षेत्रगत रुपमा विनियोजन गरेको छु ।

  क.आर्थिक विकास तर्फ रु २५ लाख
  ख.सामाजिक विकास तर्फ रु २०२००००० 
  ग.पूर्वाधार विकास तर्फ रु ४ करोड १६ लाख
  घ.वातावरण तथा विपद व्यवस्थापन तर्फ रु २५ लाख
  ङ संस्थागत विकास तथा सेवा प्रवाह तर्फ रु २ करोड ३७ लाख ७१ हजार

च.आन्तिरिक राजश्व तर्फ रु ६ लाख

धन्यवाद